# शान्ति अलुमनाई विशेष उपचार अक्षय कोष कार्यविधि, २०७७

**प्रस्तावना:** शान्ति नमूना माध्यमिक विद्यालय, मणिग्राममा अध्ययनरत् विद्यार्थीहरु जो आफ्नो उपचार आफै गर्दा गर्दै पनि आर्थिक रुपमा असमर्थ हुन्छन् र यस कोषबाट त्यस्ता विशेष उपचार आवश्यक विद्यार्थीहरु लाई केही रकम उपलब्ध गराउँदा राहतको महसुस हुन्छ, विशेष उपचार  आवश्यक विद्यार्थीहरुको उपचारार्थ एउटा कोष स्थापना गर्न वान्छनीय भएकोले शान्ति विद्यालय अलुमनाई एसोसिएशनको विधान २०६६ को धारा १६.१.ख को अधिनमा रहेर  उपसमिति गठन गरी कोष परिचालन गर्ने उद्देश्यले **शान्ति अलुमनाई विशेष उपचार अक्षय कोष** कार्यविधि, २०७७ तयार गरिएको छ ।

**परिच्छेद – १ प्रारम्भिक**

**१. संक्षिप्त, नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "**शान्ति अलुम्नाई विशेष उपचार अक्षय कोष** कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि केन्द्रीय कार्य समितिबाट पास गरेपछि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) " **शान्ति अलुमनाई**" भन्नाले शान्ति विद्यालय अलुमनाई एसोसिएशन विधान २०६६ अनुसार स्थापित शान्ति विद्यालय अलुमनाई एसोसिएशनलाई जनाउनेछ ।

(ख) उपसमिति: संस्थाको विधान २०६६ धारा १६.१.ख बमोजिम कार्य समितिले गठन गरेको शान्ति अलुमनाई विशेष उपचार अक्षय कोष समितिलाई बुझिने छ ।

**परिच्छेद –२ विशेष उपचार खर्च तथा सोको लेखांकन गर्ने प्रक्रिया**

**विशेष उपचार अक्षय कोषमा रकम:** शान्ति विद्यालयमा अध्ययनरत् विद्यार्थी, पूर्वविद्यार्थीहरु, गुरुहरु वा सहयोग गर्न इच्छुक जोसुकै महानुभावले पनि यो कोषमा रकम जम्मा गर्न सक्नेछन् ।

**रकम उपयोग:** शान्ति नमूना व्यावसायिक माध्यमिक विद्यालय, मणिग्राममा कक्षा १ देखि १० सम्म अध्ययनरत् विद्यार्थीहरु ।

**रकम प्राप्ति :** सहयोग रकम पाउ भनी निवेदन प्राप्त भएपछि दीर्घरोगी वा कुनै दुर्घटनामा परी विशेष अप्ठ्यारो झेलिरहेका विद्यार्थीहरुलाई **शान्ति अलुमनाई विशेष उपचार अक्षय कोष** को प्राप्त ब्याजबाट आर्जित रकम उपसमितिले अनुगमन गरी उपयुक्त ठहर गरेमा "एसोसिएशन" समक्ष सिफारिस गर्नेछ ।

**रकम प्रदान** : उपसमितिबाट प्राप्त सिफारिसलाई शान्ति अलुम्नाई एसोसिएसनको केन्द्रीय कार्यसमितिले “**शान्ति अलुमनाई विशेष उपचार अक्षय कोष**” को ब्याजबाट प्राप्त रकम मध्य निर्णयानुसार रकम मात्र प्रदान गर्न सकिनेछ ।